आज मिति २०८० साल फागुन २७ गते आइतबारको दिन यस लिखु गाउँपालिकाका अध्यक्ष श्रीमान अशोक कुमार कार्की ज्यूको अध्यक्षतामा कार्यपालिकाका सदस्यहरुको उपस्थितिमा गाउँ कार्यपालिकाको बैठक बसी तपसिल बमोजिमका प्रस्तावहरु उपर छलफल गरी निर्णयहरु गरियो ।

उपस्थिती

| क्र.सं | पद | नाम थर | हस्ताक्षर |
|---|---|---|---|
| १ | अध्यक्ष | श्री अशोक कुमार कार्की | |
| २ | उपाध्यक्ष | श्री अस्मिता थापा | |
| ३ | वडा अध्यक्ष,  वडा नं. १ | श्री हिरा बहादुर कार्की | |
| ४ | वडा अध्यक्ष,  वडा नं. २ | श्री राम कुमार बुढाथोकी | |
| ५ | वडा अध्यक्ष,  वडा नं. ३ | श्री सोकर्ण श्रेष्ठ | |
| ६ | वडा अध्यक्ष,  वडा नं. ४ | श्री घनबहादुर कार्की | |
| ७ | वडा अध्यक्ष,  वडा नं. ५ | श्री मोहन कार्की | |
| ८ | वडा अध्यक्ष,  वडा नं. ६ | श्री टिका बहादुर क्याप्छाकी | |
| ९ | वडा अध्यक्ष,  वडा नं. ७ | श्री तारा बहादुर तामाङ्ग | |
| १० | वडा अध्यक्ष,  वडा नं. ८ | श्री पुरुषोत्तम पौडेल | |
| ११ | वडा अध्यक्ष,  वडा नं. ९ | श्री केशवहरी ढुंगेल | |
| १२ | कार्यपालिका सदस्य | श्री ईला बहादुर मुदेल | |
| १३ | कार्यपालिका सदस्य | श्री पशुपति सुनुवार | |
| १४ | कार्यपालिका सदस्य | श्री कमला कार्की | |
| १५ | कार्यपालिका सदस्य | श्री रेणुका मगर | |
| १६ | कार्यपालिका सदस्य | श्री अम्बिका  विश्वकर्मा | |
| १७ | कार्यपालिका सदस्य | श्री गितादेवी बर्मे | |
| १८ | प्रमुख प्रशासकीय अधिकृत (सदस्य सचिव) | श्री लिलाराज श्रेष्ठ | |

सहायक कर्मचारीहरुः

१. श्री रसना मगर
२. श्री रवि कटुवाल

**प्रस्तावहरुः**

१. समिक्षा सम्बन्धमा।
२. लिखु अध्यक्ष कप भलिबल प्रतियोगिता, २०८० सम्बन्धमा

**निर्णयहरु :**

**१. निर्णय नं १. प्रस्ताव नं १, उपर निर्णय :**

प्रस्ताव नं. १ मा आवश्यक छलफल गर्दा लिखु गाउँपालिकाको विगतका कार्यपालिकाको बैठकका निर्णयहरु क्रमशः प्रभावकारी रुपमा कार्यान्वियन भइरहेको अवस्थामा यसलाई अझ थप प्रभावकारी बनाउन सरोकारवाला पक्षहरु बीचमा समन्वय र सहकार्य गरी कार्यान्वयन गर्ने सर्वसम्मत निर्णय गरियो।

२. **निर्णय नं २. प्रस्ताव नं २, उपर निर्णय** :

प्रस्ताव नं. २ मा आवश्यक छलफल गर्दा यहि मिति २०८०/११/३० गते देखि मिति २०८०/१२/०३ गते आसन्न लिखु गाउँपालिकाको लिखु अध्यक्ष कप - २०८० को सन्दर्भमा देहाय बमोजिम सर्बसम्मत निर्णयहरु गरियो।

क) लिखु गाउँपालिकाको लिखु पालिका गीत छनौटको लागि देहाय बमोजिमको समिति गठन गर्ने निर्णय गरियो।
   १. श्री प्रदिप कुमार राई (व्याकुल माईला) – संयोजक
   २. श्री अशोक कुमार कार्की (गा.पा. अध्यक्ष) – सदस्य
   ३. श्री लिलाराज श्रेष्ठ (प्र.प्र.अ.) – सदस्य सचिव

   साथै, लिखु गाउँपालिकाको गीत छनोट समितिको संयोजकको लागि पारिश्रमिक वापत रकम रु. ३०,०००/- (अक्षरेपी रु. तीस हजार मात्र/-) प्रदान गर्ने निर्णय गरियो।

ख) लिखु अध्यक्ष कप -२०८० को आतिथ्यताको लागि स्थानीय तह, प्रमुख /उप-प्रमुख/अध्यक्ष/उपाध्यक्ष, जिल्ला स्थित कार्यालयहरु, संघ संस्था, विद्यालय, स्वास्थ्य संस्था, वडा कार्यालय, पुर्व जनप्रतिनिधी, राजनितिक दल, सुरक्षा निकायहरु, सञ्चारकर्मीलाई पत्राचार गर्ने निर्णय गरियो।

ग) लिखु अध्यक्ष कप -२०८० को लागि आवश्यक सुरक्षा व्यवस्थापनको लागि जिल्ला प्रहरी कार्यालय, ओखलढुंगामा पत्राचार गर्ने निर्णय गरियो।